**आकाशवाणी समाचार- नेपाली**

मितिः २० फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- भाजपा पश्चिम बंगालका मुख्य प्रवक्ता तथा अधिवक्ता देबजित सरकारले मुख्यमन्त्री ममता ब्यानर्जीले प्रयोग गरेको भाषाले लोकतान्त्रिक मूल्यमान्यता र संवैधानिक प्रणालीलाई खतरामा पार्ने बताउनु भएको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले तीनधारेमा आयोजित कार्यक्रममा खरसाङ सिँचाई विभागद्वारा प्रायोजित दुई महत्वपूर्ण परियोजनाहरूको शिलान्यास गर्नु भयो।

- खरसांगका भारतीय जनता पार्टीका विधायक विष्णुप्रसाद शर्मा हिज तृणमुल कांग्रेसमा प्रवेश गरेका छन् ।

- बंगालको खाड़ीमा बनेको कम दबावले समुन्द्री तुफानको स्वरूप लिने मौसम विभागले अनुमान व्यक्त गरेको छ।

**बंगाल- भाजपा**

भाजपा पश्चिम बंगालका मुख्य प्रवक्ता तथा अधिवक्ता देबजित सरकारले हिज साल्ट लेकस्थित पार्टी कार्यालयबाट मिडियालाई सम्बोधन गर्नु हुँदै समसामयिक र सम्बन्धित मुद्दाहरूमा कडा अडान लिनु भएको छ। श्री सरकारले मुख्यमन्त्री ममता ब्यानर्जीले प्रयोग गरेको भाषाले लोकतान्त्रिक मूल्यमान्यता र संवैधानिक प्रणालीलाई खतरामा पार्ने बताउनु भएको छ। आफ्नो सम्बोधनको सुरुवात गर्नु हुँदै उहाँले भारतीय निर्वाचन आयोग (ईसीआई) का सचिव सुजित कुमार मिश्राले निर्वाचन प्रक्रियामा कथित अनियमिततामा संलग्न अधिकारीहरू विरुद्ध कारबाही गरेको बताउनु भयो। यी अधिकारीहरूलाई निलम्बन गरिएको छ र राज्यका मुख्य सचिवलाई यसबारे जानकारी गराइएको छ। भाजपा प्रवक्ताले मुख्यमन्त्री ममता बनर्जीले आफ्नो पदको गरिमा विपरीत बयान दिएको आरोप लगाउनु भयो। उहाँले एक भिडियो उद्धृत गर्नु हुँदै मुख्यमन्त्रीले निलम्बन निर्वाचन आयोगको दबाबमा गरेको, सम्बन्धित अधिकारीहरूलाई आफ्नो पक्ष प्रस्तुत गर्ने अवसरबाट वञ्चित गरेको र यो "प्रतिशोधको राजनीति" भएको आरोप लगाउनु भयो। श्री सरकारले ईसीआई सचिवले जारी गरेको निलम्बन पत्रमा निलम्बनको कारण स्पष्ट रूपमा उल्लेख गरिएको दुई पृष्ठको परिशिष्ट समावेश गरिएको दाबी गर्नु भयो। उहाँले तृणमूल कांग्रेसका नेताहरूले पहिले गलत सूचना फैलाए पनि अहिले मुख्यमन्त्री आफैंले जनतालाई भ्रमित गरिरहेको बताउनु भयो। उहाँले तृणमूल कांग्रेसका तथाकथित "डिजिटल योद्धाहरू" ले सामाजिक सञ्जालमा भ्रामक र राष्ट्रविरोधी प्रचार फैलाइरहेका पनि बताउनु भयो।

**बंगाल एसआईआर**

पश्चिम बंगालमा, दावी र आपत्ति सुनुवाइको क्रममा पेश गरिएका लगभग २० लाख कागजपत्रहरूको पुन: प्रमाणीकरण प्रक्रिया अझै बाँकी छ। यी कागजातहरू जिल्ला मजिस्ट्रेटहरूद्वारा पूर्ण रूपमा प्रमाणित गरिएको छैन।

मुख्य निर्वाचन अधिकारीको कार्यालयका अधिकारीहरूका अनुसार, धेरैजसो विचाराधीन मुद्दाहरू "तार्किक विसंगति" को श्रेणीमा पर्छन्। चलिरहेको प्रमाणीकरण प्रक्रियाको क्रममा, सूक्ष्म-पर्यवेक्षकहरूले धेरै कागजपत्रहरूमा भिन्नताहरू फेला पारे, जसमा केही भारतको निर्वाचन आयोगले मान्यता दिएको १३ पहिचान कागजपत्रहरूसँग मेल खाँदैनन्। अधिकारीहरू अनुसार, यी मुद्दाहरू पुन: प्रमाणीकरणको लागि सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूलाई पठाइएको छ। आयोगले अधिकारीहरूलाई प्रक्रिया छिटो पूरा गर्न र आफ्नो प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ। लगभग १.१४ लाख कागजपत्रहरू अझै प्रणालीमा अपलोड नगरिएकोले यो प्रक्रियामा विलम्ब भएको बताइएको छ। फलस्वरूप, यी आवेदनहरूको प्रमाणीकरण सुरु पनि भएको छैन। यस अवस्थालाई ध्यानमा राख्दै, फेब्रुअरी २१ को समयसीमा पूरा गर्न गाह्रो देखिन्छ। प्रमाणीकरणको समयसीमा फेरि लम्बिन सक्ने सम्भावना छ, जसले गर्दा अन्तिम मतदाता सूचीको प्रकाशन मिति पनि लम्बिन सक्ने सम्भवना रहेको छ। यसैबीच, भारतीय निर्वाचन आयोगको पूर्ण पीठले विशेष गहन पुनरीक्षण एसआईआर प्रक्रिया पछि स्थितिको दुई दिने मूल्याङ्कनका लागि मार्च १ मा पश्चिम बंगालको भ्रमण गर्ने कार्यक्रम छ। त्यसको केही समयपछि, आयोगले यस वर्षको विधानसभा चुनावको लागि मतदान मिति घोषणा गर्ने अपेक्षा गरिएको छ।

## अनित थापा

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले तीनधारेमा आयोजित कार्यक्रममा खरसाङ सिँचाई विभागद्वारा प्रायोजित दुई महत्वपूर्ण परियोजनाहरूको शिलान्यास गर्नु भयो। यहाँको घुम्ती चियाबारी अन्तर्गत डाँडा गाउँमा 24 लाख 88 हजार रूपियाँको लागतमा भान्साघर अनि शौचालयसहित पूर्व-सैनिक भवन अनि तोप गाउँमा 32 लाख 57 हजार रूपियाँको लागतमा भान्साघर अनि शौचालहयसहित सामुदायिक भवन निर्माण हुनेछ।

## विष्णुप्रसाद शर्मा- त्रिनामुल कांग्रेस मा सामेल

खरसांगका भारतीय जनता पार्टीका विधायक विष्णुप्रसाद शर्मा हिज तृणमुल कांग्रेसमा प्रवेश गरेका छन्। उहाले हिज कोलकाताको तृणमूल भवनमा पार्टीको झण्डा समाएर औपचारिक रूपमा सत्तारूढ पार्टीमा प्रवेश गर्नुभएको छ। यस अवसरमा मन्त्रीहरु शशी पञ्जा र ब्रत्य बासु उपस्थित हुनुहुन्थ्यो । उहाले बर्ष २०२४ को लोकसभा चुनावमा दार्जीलिङ सीटबाट राजु बिष्टको पुनःनामांकनको बिरूद्ध स्वतन्त्र उम्मेदवारको रूपमा पनि चुनाव लडेका थिए। त्यसयता पार्टीसँग उनको दूरी बढ्दै गएको थियो । शर्मा अर्को दलमा सामेल भएपछि राज्य विधानसभामा भाजपाका विधायकको संख्या घटेर ६४ पुगेको छ। अर्कोतिर भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष संजीव लामाले विधायक विष्णु प्रसाद शर्मा बजगाइँ तृणमुल कंग्रेसमा सामेल हुँदा भाजपालाई कुनै नोक्सान नभएको बताउनु भएको छ। श्री लामाले यसबारे आफ्नो प्रतिक्रिया दिनु हुँदै खरसाङको जनताले विधायक बजगाइँको वास्तविक अनुहार पहिले नै चिनिसकेको बताउनु भयो। उहाँले थप भन्नु भयो, ‘‘उहाँ अन्ततः आफ्नै उपयुक्त स्थानमा जानु भएकोमा भारतीय जनता पार्टीका लागि वास्तवमै खुशीको विषय हो।

## डीएचआर

दार्जिलिङ हिमालयन रेलवे ले गरम महिना को छुट्टीलाई यादगार बनाउन तीन नयाँ लक्जरी चार्टर्ड टोय ट्रेन सुरु गर्ने घोषणा गरेको छ। डीएचआरका निर्देशक ऋषभ चौधरीले आज यस आशय को जानकारी दिनुभएको छ। हेरिटेज टोय ट्रेन मार्फत पर्यटकहरुलाई हिमाली संस्कृति, परम्परा र पर्यावरण सँग गहिराइमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको हिमालय पर्यटन आयोजनाका निर्देशक ऋषभ चौधरीले बताउनु भएको छ । यसको मुख्य लक्ष्य नदीनाला, पहाड, चिया बगान, वन र स्थानीय जनजीवनको अनुभव एकसाथ देखाउनु हो। वन विभागसँग सम्झौता भइसकेको छ।सर्वाधिक विशेष सेवा 'महारानी ग्रेट एस्केप' हो, जुन सन् १९२० मा इन्दिरा देवीको

ऐतिहासिक रात्रि यात्राबाट प्रेरित छ। दार्जिलिङबाट सुरु हुने यो सेवा हरेक पूर्णिमाको रातमा ऐतिहासिक स्थलहरूको भ्रमण, सांस्कृतिक कार्यक्रम र विशेष रात्रिभोजका साथ सुरु हुनेछ। तेस्रो सेवा, 'टी टिम्बर ट्रेल'ले चिया बगानको भ्रमण गर्ने, चियापत्ती टिप्ने र चियाको स्वाद लिने अवसर प्रदान गर्नेछ।

**नखापानी -कुवा -सुखा -अस्तित्व**

मिरिक महकुमा अन्तर्गत ओकेटी सात नम्बरमा रहेको नखापानी पोखरी पानीको अभावमा सुकेपछि लुप्तप्राय: प्राणी हिमालयन स्यालामेन्डरको अस्तित्व खतरामा परेको छ। नखापानी पोखरी सुकेको तथा जमिन चर्किएको कारण दुर्लभ प्रजातिको हिमालयन स्यालामेन्डरको मसिना बच्चाहरु मृतावस्थामा फेला परेको छ। हिमालयन स्यालामेन्डर नखापानी पोखरीमा अनुसन्धानकर्ता र पर्यटकहरुका लागि मुख्य आकर्षण रहेको छ। तर पोखरीको संरक्षण नहुँदा स्यालामेन्डरको भविष्य संकटमा परेको पर्यावरण संरक्षणमा लागी परेका मुक्ति संस्थाका प्रमुख दीपेश गिरीले बताउनु भएको छ । पानीको मुहान र पोखरी सुक्ने भएकाले स्यालामेन्डरको बंश बिस्तारमा समस्या हुने गरेको श्री गिरिले बताउनु भएको छ । श्री गिरिले हिमालयन स्यालामेन्डरलाई संरक्षण गर्नको लागी बाह्र महिनै पोखरीमा पानी हुनु अति आवश्यक रहेको बताउनुहुदै लुप्तप्राय: स्यालामेन्डर संरक्षण का लागि सम्बन्धित निकायलाई ठोस पहल गर्ने आग्रह गर्नुभएको छ।

**विशेष शिविर**

मिरिक महकुमा शासक कार्यलयमा गत 15 फरवरीदेखि आगामी 26 फरवरीसम्म विशेष शिविर आयोजना भइरहेको छ। शिविरमा विभिन्न कल्याणकारी योजनाहरूको आवेदन दर्ता भइरहेको छ। जसमा बंगलार युवा साथी, भूमिहीन कृषि श्रमिक सहायता योजना अनि लक्ष्मी भण्डार जस्ता योजनाहरूलाई लिएर फारम जमा गर्ने कार्य सम्पन्न भइरहेको जानकारी प्राप्त भएको छ।

**सांसद निधन**

मेघालयको शिलोङका लोकसभा सांसद रिकी एन्ड्र्यु जे. सिंग्कोको फुटसल खेल्ने क्रममा ढलेर मृत्यु भएको छ। उनलाई तुरुन्तै अस्पताल लगिएको थियो, जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरे। एक प्रमुख सार्वजनिक व्यक्तित्व र संसदमा क्षेत्रीय मुद्दाका नेता, सिंग्कोले उनको निधनबाट गहिरो दुःख व्यक्त गर्नु भएको छ।

**मौसम**

बंगालको खाड़ीमा बनेको कम दबावले समुन्द्री तुफानको स्वरूप लिने मौसम विभागले अनुमान व्यक्त गरेको छ। यसले गर्दा देशको सात तटिय राज्यहरूमा वर्षा तथा तेज आँधी चल्ने अनुमान व्यक्त गरिएको छ। मौसम विभागले चेतावनी व्यक्त गर्दै पश्चिम बंगालदेखि तामिलनाडुसम्म तथा हिमाचल प्रदेशमा पनि वर्षाको चेतावनी जारी गरेको छ। मौसम विभाग अनुसार बंगालको खाड़ीमा उत्पन्न न्युन चापले गर्दा आजदेखि दुई तीन दिनसम्म सामान्य देखि भारी वर्षा अनि तेज गतिमा हावा चल्न सक्ने अनुमान व्यक्त गरिएको छ।

**मरमा- गोल्डकप**

मरमा युनाईटेड क्लबको आयपजनामा जारी स्वर्गीय गिदोन थुलुङ गोल्डकप अन्तिम वर्षको फाईनल म्याच आगामी २२ फरवरीको दिन मिरिक बस्ती युनाईटेड अनि कृष्ण सेभेनमाझ हुनेछ। फाइल म्याच रंगारङ कार्यक्रमबीच सम्पन्न हुने जानकारी आयोजक समितिले दिएको छ। यसबारे आज क्लबका मुख्य संरक्षक मिलेश राई, अध्यक्ष प्रनब सुब्बा, सचिव कोविद देवान अनि कोषाध्यक्ष सुगम देवानले यस वर्ष उपाधि आफ्नो नाम गर्ने दललाई आकर्षक

गोल्ड कप सहित नगद राशी एक लाख पचास हजार रूपियाँ प्रदान गरिने अनि उपविजेता दललाई आकर्षक ट्रफी सहित नगद राशी एक लाख रूपियाँ प्रदान गरिने बताएका छन्।

****** ० ******